नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार विभाग

**इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार छनौटका लागि आवेदन आह्वान गरिएको सूचना**

(नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौता अनुसार)

विज्ञापन नं. ०१/८२/८३

मितिः २०८३/०२/१३, नेपाल सम्वतः ११४६ अनालाध्व एकादशी

इजरायलका दीर्घकालीन स्याहार केन्द्र (Auxiliary Workers employed in Long Term Care Facilities, including in group homes located in individual Apartment) मा गम्भीर शारीरिक तथा मानसिक अपांगता भएका जुनसुकै उमेरका व्यक्तिहरुको स्याहारको लागि सहायक कामदारको रुपमा कार्य गर्न तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस विभागको वेब पोर्टल ferms.dofe.gov.np मा online आवेदन दर्ता गर्न तपसिल बमोजिमका विवरण सहित सम्बन्धित सबैका जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ । **(प्रथम पटक प्रकाशित मितिः२०८३/०२/१३, Online दरखास्त पेश गर्न शुरु हुने मिति २०८३/०२/१७ राती १२.०० बजेदेखि दरखास्त पेश गर्ने अन्तिम मिति २०८३/०३/०७ गते राती १२.०० बजेसम्म)**

| पद | माग संख्या | | मासिक तलब | ओभर टाइम सुविधा | प्रति हप्ता काम गर्ने दिन | प्रति हप्ता काम गर्ने घण्टा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि | करार अवधि थप सुविधा | करार अवधि थप गरिएमा हुने अधिकतम करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २३०० | | | | | | | | | | | |
| | महिला | पुरुष | | | | | | | | | | |
| सहायक कामदार | ६०% | ४०% | ६४४३.८५ NIS इजरायली मुद्रा | इजरायली सरकारको नियमानुसार | ६ दिनसम्म | ४२ (अतिरिक्त समय बाहेक) | इजरायली कानून अनुसार | कामदार स्वयंले व्यहोर्नु पर्ने | रोजगारदाताले (विदेशी कामदार सम्बन्धी नियमानुसार) आवासको प्रबन्ध गर्ने र सोको खर्च कामदारले व्यहोर्ने | शुरुमा १ वर्ष | थप गर्न सकिने | ५ वर्षसम्म |

**१. आवश्यक न्यूनतम योग्यता :**

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

(ग) कम्तीमा १.५ मिटर उचाइ र कम्तीमा ४५ किलोग्राम तौल भएको,

(घ) कम्तीमा १० कक्षा उत्तीर्ण गरी अ.न.मी. वा सि.एम.ए. सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १०+२, वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङ्ग सम्बन्धि कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको,

(ङ) विगतमा इजरायलमा गई कार्य नगरेको,

(च) बाबु, आमा, पति, पत्नी, छोरा, छोरी इजरायलमा बसोबास नगरेको वा कार्यरत नरहेको,

महानिर्देशक

(छ) शारीरिक र मानसिक रुपमा स्वस्थ रहेको, कुनै प्रकारको जीर्ण रोगहरु (क्षयरोग, हेपाटाइटिस, भिरिङ्गी, गोनोरिया, एड्स) बाट ग्रसित नभएको, गरुङ्गो सामान उचाल्न सक्ने लगायत स्याहार केन्द्रमा सहायक कामदारको रुपमा कार्य गर्न सामर्थ्य भएको र दुर्व्यसनमा नलागेको,

(ज) प्रवेशाज्ञाको लागि प्रकृया प्रारम्भ गर्दाको मितिमा आवेदकको पासपोर्ट म्याद (passport validity period) समाप्त हुन कम्तीमा ३ वर्ष बाँकी रहनुपर्नेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

२. दरखास्त दिने प्रकृयाः

(क) विभागको वेबपोर्टल ferms.dofe.gov.np मा उपलव्ध अनलाईन फाराम भर्नु पर्नेछ। (अनलाइन फाराम भर्ने User Manual पोर्टलमै उपलब्ध छ।)

(ख) अनलाइन प्रणाली (FERMS) मा दर्ता भएका दरखास्त स्वीकृत / अस्वीकृत भए पश्चात आवेदकलाई प्रणालीमा दर्ता भएको मोवाइल नम्बर/ईमेलमा सूचना पठाइनेछ, अपुग कागजात अपलोड गर्न सिस्टमबाट उम्मेदवारलाई जानकारी गराइनेछ । सिस्टमबाट अपलोड गर्नुपर्ने भनी जानकारी गराएका कागजात अपलोड नगरेमा दरखास्त अस्वीकृत हुनेछ ।

(ग) उम्मेदवारले अंग्रेजी भाषा परीक्षणको प्रमाण पत्रका रुपमा इजरायलको PIBA ले तोकेको CIIN International Qualifications Pvt. Ltd., Tripureshwor, Kathmandu (सम्पर्क नं. 014117104, 014117105, WhatsApp: 9708085842, 9708085843. Email: mail@ciin.org.np. Website: www.ciin.org.np) बाट लिइएको Cambridge Upskill English Test (Cambridge University Press and Assessment) को कम्तिमा Reading- A2, Writing- A1, Listening- A2, Speaking- B1 भएको प्रमाण पत्र अपलोड गर्नुपर्नेछ । तोकिएको न्यूनतम मापदण्ड नपुगेको दरखास्त अस्वीकृत हुनेछ।

(घ) उम्मेदवारले पासपोर्ट र वैध प्रहरी चारीत्रिक प्रमाण पत्र **(valid police report with no criminal record)** को स्क्यान कपी समेत फारम भर्दा अपलोड गर्नुपर्नेछ ।

(ङ) अपलोड गरिएका आफ्ना कागजातहरुको वैधानिकताको पुष्टि गर्ने उत्तरदायित्व उम्मेदवारको हुनेछ । गलत ठहरेमा सम्बन्धित उम्मेदवार नै कानून अनुसार कारवाहीको भागी हुनेछ ।

(च) दरखास्त स्वीकृत भएका उम्मेदवारहरुलाई इमेल / मोबाइल नम्बरमा जानकारी पठाइनेछ, साथै विभागको वेबसाइट https://dofe.gov.np मा प्रकाशित हुनेछ ।

(छ) उम्मेदवारहरुले यसैसाथ संलग्न गरिएको Addendum-2 **(Waiver of Confidentiality of Information)** मा दस्तखत गरी अपलोड गर्नुपर्नेछ ।

(ज) उम्मेदवारले आफ्नो उचाइ र तौल खुलाई स्व-घोषणा फाराम (Addendum-1: SELF-DECLARATION ON HEIGHT, WEIGHT, ELIGIBILITY AND SELECTION PROCESS) भरी आवेदनसँगै पेश गर्नुपर्नेछ । स्वः घोषणा गरेको उचाइ र तौल तोकिएको सिमाभन्दा कम भएमा उम्मेदवारलाई स्वतः रोष्टरबाट हटाइनेछ । अपलोड गर्नुपर्ने Addendum-1 **(SELF-DECLARATION ON HEIGHT, WEIGHT, ELIGIBILITY AND SELECTION PROCESS)** र Addendum-2 **(Waiver of Confidentiality of Information)** विभागको वेबसाइट र ferms.dofe.gov.np बाट Download गर्न सकिनेछ ।

(झ) आवेदनका साथ पेश गरिएका विवरण / प्रमाणहरु अन्यथा प्रमाणित भएमा जुनसुकै समयमा निजको दरखास्त रद्द गर्ने अधिकार विभागमा सुरक्षित रहनेछ ।

(ञ) तोकिए बमोजिमका सम्पूर्ण कागजातहरु आवेदनका साथ पेश भएको नपाइएमा दरखास्त स्वीकृत हुनेछैन।

३. दरखास्त स्वीकृत र छनौट गर्ने प्रकृया :

(क) पहिलो चरणमा FERMS प्रणालीबाट स्वीकृत भएका उम्मेदवारहरुको सूची तयार गरिनेछ।

(ख) छनौट समितिले योग्य उम्मेदवारहरुको सूचीको अन्तिम रोष्टर तयार पारी PIBA लाई जाँचबुझ (Namecheck) का लागि उपलब्ध गराउनेछ ।

(ग) PIBA को जाँचबुझ (Namecheck) मा सफल भएका उम्मेदवारहरुको सूची प्राप्त भए पछि विभागको वेभसाइटमा प्रकाशित गरिनेछ।

(घ) PIBA ले Implementation Protocol बमोजिम अन्तिम रोष्टरमा भएको उम्मेदवारहरुबाट Lottery द्वारा आवश्यक कामदार छनौट गर्नेछ ।

महानिर्देशक

(ङ) छनौट भएका उम्मेदवारहरुमध्ये पहिलो चरणमा १००० जनालाई यथाशीघ्र रोजगार प्रक्रियामा समावेश गराइनेछ। साथै बाँकी १३०० जना उम्मेदवारहरुलाई पहिलो चरणको प्रक्रिया पुरा भए पश्चात PIBA को आवश्यक्ता अनुसार रोजगार प्रक्रिया समावेश गराईनेछ।

(च) Reserve Pool मा राखिएका उम्मेदवारहरुलाई PIBA को आवश्यक्ता अनुसार रोजगार प्रक्रिया समावेश गराईनेछ।

(छ) Lottery बाट छनौट हुनु भएका सम्पूर्ण उम्मेदवारहरुले इजरायल सरकारद्वारा सूचीकरण गरिएका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमको मेडिकल चेकजाँच गर्नुपर्नेछ ।

(ज) छनौट गरिएका कामदारहरुको रोजगार सम्झौता हस्ताक्षरको लागि PIBA ले विभागमा उपलब्ध गराउनेछ ।

(झ) रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका कामदारलाई विभागले श्रम स्वीकृति प्रदान गर्नेछ ।

(ञ) प्रवेशाज्ञाको लागि सिफारिस गरेको उम्मेदवारले प्रवेशाज्ञा पाउने वा नपाउने विषयमा विभाग उत्तरदायी हुनेछैन ।

## ४. पूर्व शर्तहरुः

(क) छनौट भएका कामदारहरुले आवश्यक परेमा इजरायल प्रस्थानको ७२ घण्टा अगाडि आफ्नै खर्चमा कोभिड-१९ परिक्षण गरी Negative Report पेश गर्नु पर्ने लगायत कोभिड-१९ सँग सम्बन्धित अन्य आवश्यक विवरणहरु उपलब्ध गराउनु पर्नेछ ।

(ख) इजरायल प्रवेश पश्चात इजरायली स्वास्थ्य मन्त्रालयले तोके अनुसार कामदारले आवश्यक खोपहरु लिन मञ्जुर गर्नु पर्नेछ, खोप लिन इन्कार गर्नेछैन ।

(ग) स्वास्थ्य परीक्षण प्रमाण-पत्र पेश गर्नु पर्नेछ ।

(घ) इजरायलमा गैरकानूनी बसाइ नगरेको, इजरायमा बसोबास गर्ने कुनै मनसाय नभएको, करार सम्झौता अवधि समाप्त भए पछि इजरायल अनिवार्य छोड्नु पर्नेछ ।

(ङ) करार सम्झौतामा उल्लेख भएको कामवाहेक अन्य क्षेत्रमा काम गर्न पाइने छैन ।

(च) इजरायलको लागि प्रवेशाज्ञा प्राप्त गर्न योग्य कामदारले इजरायल प्रस्थान गर्नु पूर्व राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटीबाट अभिमुखीकरण तालिम लिनु पर्नेछ।

## ५. सेवा सुविधा सम्बन्धी शर्तहरुः

(क) कार्य विवरणः इजरायली हेरचाह केन्द्रमा रहेका गम्भीर अपांगता भएका सबै उमेरका व्यक्तिहरुको स्वास्थ्य, सरसफाई, पोषण, हिडडुल लगायत सुपरभाईजरवाट प्राप्त निर्देशन तथा रोजगार सम्झौता अनुसार सहयोग पुऱ्याउनु पर्नेछ । (थप कार्य विवरण संलग्न )

(ख) कार्य शिफ्टः रोजगारदाताले आवश्यकता अनुसार समय समयमा कुन शिफ्टमा कति घण्टा राख्ने भनी निश्चित गर्नेछ ।

(ग) विदेशी कामदार कोष जम्माः मासिक पारिश्रमिकको १२.५% ले हुने रकम रोजगारदाताले कामदारको नाममा खोलिएको बैंक खातामा जम्मा गर्नेछ। (करार अवधि समाप्त हुनासाथ इजरायल छोड्ने कामदारलाई निजको खातामा जम्मा रकम भुक्तानी दिइनेछ। करार अवधि समाप्त भए पछि पनि इजरायलमा गैह्रकानुनी रुपमा बसेमा तोकिएको प्रतिशत रकम कोषवाट कट्टा गरिने र गैह्रकानुनी वसाई ६ महिना नाघेमा कोषमा जम्मा सम्पूर्ण रकम जफत गरिनेछ।

(घ) इजरायली श्रम कानुन अनुसार कामदारको मासिक पारिश्रमिकवाट कट्टा हुने खर्च शिर्षकहरुः

(१) रोज़गारदाताबाट उपलब्ध गराइने स्वास्थ्य बीमाको प्रिमियम रकम,

(२) आवास र खाना खर्च

(३) सम्पत्तिकर, पानी, बिजुली महशुल

(४) आयकर

(ङ) सहायक कामदार छनौटमा कामदार स्वयंले व्यहोर्नु पर्ने खर्च शीर्षकहरु :

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

महानिर्देशक

| क्र.सं. | खर्च शीर्षकहरु | अनुमानित खर्च रकम (नेपाली रुपैयाँ) |
|---|---|---|
| १. | हवाई भाडा (नेपाल-इजरायल एक तर्फी) | प्रचलित बजार दर अनुसार |
| २. | स्वास्थ्य विमा (विभागमा सूचीकृत बीमा कम्पनीबाट गराउनु पर्ने) | उमेर अनुसार रु ३७०८/ देखि ४९३१/ |
| ३. | पूर्व प्रस्थान अभिमूखीकरण तालिम, | रु ७००/ (महिलाको हकमा निशुल्क) |
| ४. | पासपोर्ट, | राहदानी विभागले तोके अनुसार |
| ५. | स्वास्थ्य परीक्षण, | रु ९५००।०० सम्म (प्रचलित नियम अनुसार, चेकजाँच गरिनुपर्ने विषय अनुसार तलमाथि पर्न सक्ने) |
| ६. | अंग्रेजी भाषा परीक्षण शुल्क | रु ५०००/ |
| ७. | कोभिड-१९ पि.सि.आर. परीक्षण, | आवश्यकता अनुसार |
| ८. | वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा | रु १५००।- |
| ९. | सामाजिक सुरक्षा कोषमा जम्मा | रु २३०८/ (कोषको नियमानुसार) |

सम्पर्क : **G2G section 9765013761, IT Section: 9768998477**

ई-मेल : G2Gvacancy2083@dofe.gov.np

यो सूचना विभागको वेबसाइट : www.dofe.gov.np मा हेर्न सकिनेछ ।

पुनश्च: १. यसभन्दा अघिको विज्ञापनमा Lottery मा छनौट नभएका उम्मेदवारहरुले तोकिएको अंग्रेजी भाषाको मापदण्ड लगायत अन्य शर्तहरु पुरा गरी आवदेन दिन सक्नेछन्।

२. नेपाल सरकार र इजरायली सरकारवीच भएको द्विपक्षीय श्रम सम्झौताको Implementation Protocol A to the Agreement Between the Government of Nepal and the Government of the State of Israel on the Temporary Employment of Nepali Workers in Specific Labor Market Sector in the State of Israel- Auxiliary Workers in Long Term Care Facilities को Article 7(5) मा स्पष्टरुपमा PIBA is not obliged to recruit all qualified applicants in the final database लेखिएकोले Lottery मा छनौट नभएका उम्मेदवारहरुलाई रोजगार प्रक्रियामा समावेश गराउन विभाग बाध्य हुने छैन।

३. आवेदनका साथ पेश गरिएका विवरण तथा कागजातहरु गलत ठहरिएमा उम्मेदवारको आवेदन जुनसुकै बखत खारेज हुनेछ साथै कानून बमोजिम कारवाही हुनेछ ।

महानिर्देशक